# सञ्चारिका लेखमाला

# Sancharika Feature Service

Sancharika Samuha
समानताको लागि सञ्चार
Community for Equality

वर्ष ११ | अंक ४ | मासिक | चैत/वैशाख | April, 2008



- *बेरोजगारीले बढायो 'रोजगार' व्यवसाय*
  **विज्ञापन हेर्दैमा बित्यो जीवन** — ✍ स्मिता अधिकारी
- *साथीको मन राख्दा लागूपदार्थको लत...*
  **सहरमात्रै होइन गाउँमा पनि** — ✍ जमुना शर्मा वर्षा
- *बालविवाहले मौलायो बहुविवाह*
  ***सहरभित्रै छ रुढीवादी संस्कार*** — ✍ सन्ध्या शाह
- *सेतो पहिरनमा स्वतन्त्रताको खोजी*
  **लहैलहैमा ब्रह्मकुमारी** — ✍ रेखा भुसाल
- *ढल नबन्दा दुर्गन्धित टीकापुर*
  **मौन छ प्रशासन** — ✍ दुर्गा देवकोटा
- *मेहनती र उद्यमीशील दुवै*
  **इलामे महिलाको पहिचान** — ✍ मनिता चाम्लिङ
- चुपचाप छन् प्रशासन र सरोकारवाला
  **खुलेआम भइरहेछ ज्यानमारा काम** — ✍ संगीता पाण्डेय





## सञ्चारिका समूह/नेपाल

# बेरोजगारीले बढायो 'रोजगार' व्यवसाय

*केन्द्रीकृत शासन व्यवस्थाले गर्दा देशभरकै मानिस अवसरको खोजीमा काठमाडौं पस्छन्, तिनमा धेरैजसो बेरोजगार नै हुन्छन् । तिनै बेरोजगारलाई रोजगार दिलाउन भन्दै खुलेका विभिन्न संस्था र कन्सलटेन्सीको व्यवसाय भने मालामाल हुँदैछ ।*

✍ स्मिता अधिकारी

काठमाडौं/

| *पद* | *अफिस* | *तलब* |
|---|---|---|
| *कार्यालय सहायक* | *एनजीओ* | *५,५००* |
| *काउन्सिलर* | *कन्सलटेन्सी* | *५ देखि ७ हजार* |
| *रिसेप्सनिष्ट* | *ट्राभलएजेन्सी* | *५ हजार* |
| *सेक्रेटरी* | *मेनपावर* | *५ देखि ७ हजार* |

माथिको तालिका कुनै व्यक्तिविशेषको जागिर र तलबको लेखाजोखा होइन, मात्रै नाम चलेका अखबारहरूमा सधैंजसो देखिने कर्मचारी आवश्यकता झल्काउने विज्ञापन हो । सबैभन्दा सानो अक्षरमा कमै महत्वका साथ यस्ता विज्ञापन छापिन्छन् । तर, शैक्षिक करिअर उकास्ने उत्साह लिएर देशका विभिन्न ठाउँबाट काठमाडौं उपत्यकामा छिरेका युवाहरूको मुख्य आकर्षण यस्तै विज्ञापन हुन्छन् ।

पढ्नका लागि कपिलवस्तुबाट काठमाडौं आएका २३ वर्षीय रामलक्ष्मण अर्यालको दिनचर्या पत्रिका हेर्नु, 'भ्याकेन्सी'को विज्ञापन खोज्नु र जागिर खोज्न गल्लीगल्ली डुल्नु हो । काठमाडौं ठूलो ठाउँ भएकोले जागिर पाउन गाह्रो छैन भन्ने लाग्थ्यो उनलाई, त्यस्तै सुनेका पनि थिए । काठमाडौं बसेका आफूसँगैका साथीहरू अरूलाई जागिर दिन सक्ने भएर गाउँ फर्केपछि त उनी काठमाडौं आउन झनै उक्सिए । पाँचजना सदस्यसहितको गरिब परिवार छोडेर उनी काठमाडौं छिरेका थिए । जागिरको ग्यारेन्टी भएपछि नै स्नातक तहको पढाइका लागि कलेज भर्ना गर्ने सोच बनाएका छन् अर्यालले । 'पत्रिकामा १० ठाउँमा भ्याकेन्सीका विज्ञापन हुन्छन्, एक दिन न एक दिन एक ठाउँमा त कसो नपाइएला र ?,' दिनहुँजसो रित्तो हात फर्कनुपरे पनि उनको आशा मरेको छैन । यही आशामा उनी काम खोज्दै दिनहुँ आधा दर्जनजति कार्यालय चहार्छन्, यही दिनचर्यासँगै उनले काठमाडौंमा दुई महिना बिताइसके, तर जागिर पाइएन ।

अर्याल मात्र होइन, केही गर्ने सपना बोकेर राजधानी छिरेका गरिब र निम्नवर्गीय युवाहरू यसरी नै सङ्घर्ष गरिरहेका भेटिन्छन् । तर, जागिर पाउँदैनन्, किनभने माथिल्ला ठाउँमा उनीहरूका मान्छे हुँदैनन्, सोर्सफोर्स लाग्ने उपाय हुँदैन । सर्टिफिकेट, पासपोर्ट साइजको फोटो र निवेदन दर्ता शुल्क लिँदै काठमाडौंका कन्सलटेन्सी चहार्नुबाहेक उनीहरूसँग अन्य विकल्प पनि हुँदैन । धादिङका हीरालाल श्रेष्ठको काठमाडौंमा कुनै आफन्त छैनन्, घरको आर्थिक अवस्था नाजुक छ । तैपनि कसैको चाकडी गर्ने बानी बसेन उनलाई । आफ्नै पौरख र स्वाभिमानमा विश्वास गर्ने श्रेष्ठ आफ्नो कामका लागि कुनै व्यक्तिलाई गुहार्न पनि गएनन् । 'त्यही भएरै होला, मैले काम पाउन नसकेको,' उनी अड्कल काट्छन् ।

*काठमाडौं ठूलो ठाउँ भएकोले जागिर पाउन गाह्रो छैन भन्ने लाग्थ्यो उनलाई, त्यस्तै सुनेका पनि थिए । काठमाडौं बसेका आफूसँगैका साथीहरू अरूलाई जागिर दिन सक्ने भएर गाउँ फर्केपछि त उनी काठमाडौं आउन झनै उक्सिए । पाँचजना सदस्यसहितको गरिब परिवार छोडेर उनी काठमाडौं छिरेका थिए । जागिरको ग्यारेन्टी भएपछि नै स्नातक तहको पढाइका लागि कलेज भर्ना गर्ने सोच बनाएका छन् अर्यालले ।*

काठमाडौंका यस्तै बेरोजगार युवाहरूलाई लक्ष्यित गरेर रोजगारमूलक ट्रेनिङ सेन्टर र कमिसनमा रोजगार दिलाउने कन्सलटेन्सीहरूको सङ्ख्या यहाँ वर्षेपिच्छे बढिरहेको छ । यस्ता कन्सलटेन्सीहरूले हरेक दिन पत्रपत्रिकामा विज्ञापन प्रकाशित गर्छन्, कर्मचारी माग गर्ने कार्यालयको नाम र फोन नम्बर दिइने हुँदा प्रतिस्पर्धा गर्नेहरूले पनि छिट्टै विश्वास गर्छन् ।

उदयपुर जलजलेका उमेश भण्डारी स्नातक तह राम्रो अङ्क ल्याएर उत्तीर्ण गर्न चाहन्छन् । पढाइमा सबैभन्दा ठूलो बाधा आर्थिक तनाव हो भन्ने कुरा प्रमाणपत्र तहको अध्ययन पूरा गर्दा नै अनुभव गरिसकेका छन् उनले । त्यसैले आफैं केही गरेर अध्ययन

खर्च जुटाउने ध्याउन्नमा उनी हरेक दिन *कान्तिपुर* र *अन्नपूर्ण* पोष्टका वर्गीकृत विज्ञापन नहेरी निदाउन सक्दैनन् । 'सबैभन्दा पहिला वर्गीकृत विज्ञापनमा छापिएका मसिना अक्षरका भ्याकेन्सी एनाउन्समेन्टमै आँखा जान्छ,' उनी भन्छन् । राजनीतिक घुसपैठ र नातावादको सम्भावना नहुने अड्कल काटेर विज्ञापन हेरेपछि उनी कहिले तिनकुने, कहिले पुतलीसडक त कहिले बानेश्वरलगायतका कन्सलटेन्सीमा पुग्छन् ।

पनौतीका २२ वर्षीय जीवन हुमागाईं पनि यस्ता कन्सलटेन्सी धाइरहेका छन् । कन्सलटेन्सीले मागेका धेरै पदमध्ये आफ्नो योग्यता सुहाउँदो पदका लागि फाराम भर्छन्, शुल्कबापत रुपैयाँ पनि तिर्छन् र भोलिपल्ट अन्तर्वार्ता दिन त्यही कन्सलटेन्सीमा पुग्छन् । अन्तर्वार्तामा फालिएपछि फेरि अर्को पदका लागि निवेदन दिएर अन्तर्वार्ता दिने तयारीमा लाग्छन् । अन्तर्वार्तामा छानिए पनि रु. २ हजारसम्म कमिसन बुझाए मात्र जागिर पक्का गरिदिने वाचा कुनै-कुनै कन्सलटेन्सीले गर्छन् । ती अन्तर्वार्ताको नतिजा नआइन्जेल, अर्को रोजगारदाता कन्सलटेन्सीको यही प्रक्रियामा सहभागी भइसकेका हुन्छन् उनी । हुमागाईंले यसरी कन्सलटेन्सी र कर्मचारी माग्ने कार्यालय चहार्न थालेको करिब एक वर्ष नै पुगिसक्यो । तर, अहिलेसम्म काम पाएका छैनन् ।

'साथीभाइसँग ऋण सापटी गरेर भए पनि दुःख त गर्नैपर्‍यो नि,' हुमागाईं भन्छन्, 'ठूलाबडा मान्छेसँग चिनजान नभएका हामीजस्ता युवाका लागि सङ्घर्षभन्दा अरू के नै छ र ?'

सामान्यतया वैदेशिक शिक्षाका लागि परामर्श, सहयोग र अध्ययन गराउन स्थापना भएका व्यक्तिगत संस्था नै कन्सलटेन्सी हुन् । पछिल्लो समयमा रोजगार व्यवसाय सञ्चालन गर्न स्थापना भएका यस्ता संस्थाहरूले पनि कन्सलटेन्सीकै रूपमा संस्था दर्ता गर्ने गरेका छन् । काठमाडौं तिनकुनेस्थित वर्ल्डभिजन मल्टी सोलुसनले पाँच वर्षअगाडि कन्सलटेन्सीको रूपमा आफ्नो संस्था दर्ता गरेको थियो । रोजगारमूलक तालिम दिने कन्सलटेन्सीको रूपमा आन्तरिक राजस्व विभागमा दर्ता गरेको भए पनि यसले केही दिनपछि नै रोजगारको मध्यस्थतासमेत गर्न थाल्यो । बेरोजगार युवालाई रोजगारको जानकारी दिन, कर्मचारी भर्नाका लागि कार्यालय र प्रतिष्ठानहरूलाई सहयोग गर्न यो व्यवसाय सुरु गरिएको सोलुसनकी कार्यालय सहायक कमला सुवेदी बताउँछिन् । अहिले मासिक ४० जनालाई जागिर दिलाउने गरेको उनको दाबी छ । योग्यता र क्षमता बढी हुनेले छिट्टै काम पाउने र अन्यका लागि केही समय लाग्ने उनको भनाइ छ । यद्यपि जागिर मन नपरे कमिसन फिर्ता गर्ने व्यवस्था पनि गरिएको उनी बताउँछिन् । काठमाडौंमा मात्र यसरी रोजगार दिने भनेर खोलिएका संस्था एक दर्जन नाघिसकेको बताइन्छ ।

*पनौतीका २२ वर्षीय जीवन हुमागाईं पनि यस्ता कन्सलटेन्सी धाइरहेका छन् । कन्सलटेन्सीबाट मागेका धेरै पदमध्ये आफ्नो योग्यता सुहाउँदो पदका लागि फाराम भर्छन्, शुल्कबापत रुपैयाँ पनि तिर्छन् र भोलिपल्ट अन्तर्वार्ता दिन त्यही कन्सलटेन्सीमा पुग्छन् । अन्तर्वार्तामा फालिएपछि फेरि अर्को पदका लागि निवेदन दिएर अन्तर्वार्ता दिने तयारीमा लाग्छन् ।*

देशमा बेरोजगारीको दर अहिले ४२ प्रतिशत छ । सीआईएले दुई वर्षअगाडि गरेको सर्वेक्षणअनुसार नेपालमा बेरोजगारी समस्याको दर ४७ प्रतिशत पुगेको थियो । सिङ्गो देशभर बेरोजगारीको समस्या उस्तै छ, केन्द्रीकृत शासन प्रणालीले गर्दा काठमाडौंमा जनसङ्ख्या र बेरोजगारको चाप पनि बढिरहेको छ । यस्तो अवस्थामा काठमाडौंमा रहेका रोजगारदाता संस्था तथा कार्यालयहरूले बेरोजगार जनशक्तिलाई धान्न नसक्नु स्वाभाविकै हो । आन्तरिक राजस्व विभाग केन्द्रीय कार्यालय काठमाडौंका अनुसार काठमाडौंमा सबैभन्दा ठूलो रोजगारीको स्रोत विद्यालयपछि वैदेशिक शैक्षिक कन्सलटेन्सीहरू नै हुन् । विभागको तथ्याङ्कअनुसार यस्ता कन्सलटेन्सीको सङ्ख्या काठमाडौंमा दुई हजार दुई सय ८१ पुगेको छ । तीमध्ये सात सय त यस वर्षमात्रै खुलेका हुन् । त्यसैगरी वार्षिक दुई सयका दरले म्यानपावर कम्पनी पनि बढिरहेका छन्, अहिले ती कम्पनीको सङ्ख्या एक हजार नाघिसकेको बताइन्छ । विभागबाहेक आन्तरिक सङ्गठन र श्रम मन्त्रालयमा पनि यस्ता संस्था दर्ता हुने भएकाले त्यो सङ्ख्या अझ बढी छ । विभागका निर्देशक शान्तबहादुर श्रेष्ठ काठमाडौंमा अझ धेरै संस्था र कन्सलटेन्सी रहेको र कतिपयले बिनादर्ता लुकिछिपी आफ्नै ढङ्गले काम गरिरहेको बताउँछन् । उनी भन्छन्, 'यस्ता कन्सलटेन्सीहरूको पनि व्यावसायिक अधिकारको कुरा हुन्छ, त्यसैकारण पनि पारदर्शिताको निगरानी हुन नसकेको हो ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# साथीको मन राख्दा लागूपदार्थको लत...

*सङ्गत वा जान्ने रहरले युवापिँढी लागूऔषध सेवनको दुर्व्यसनमा फस्दै गएको छ । तर, यसको नियमन/नियन्त्रण गर्ने जिम्मा पाएको प्रहरी प्रशासन भने मौन देखिन्छ ।*

✍ जमुना शर्मा वर्षा

**बाग्लुङ**/ साथीले ज्यादै कर गरेपछि स्वाद थाहा पाउन पहिलोपटक लागूऔषध सेवन गरेकी सोनी मल्ल (नाम परिवर्तन) को नशामै लत बसेको छ। १७ वर्षीय सवनम केसी (नाम परिवर्तन) ले पनि नशादार पदार्थ सेवन गर्न थालेको डेढ वर्ष भइसक्यो ।

यी दुई युवतीले कुनै बाध्यतामा नभई साथीको मन राख्दै अनुभवका लागि लागूपदार्थको स्वाद लिएका थिए। सुरुमा रहर गरेर एक दिन, दुई दिन भन्दाभन्दै उनीहरूमा लत नै बस्यो। सोनी भन्छिन्, 'केही समय खाली भयो कि 'तलतल' लागिहाल्छ।' उच्च वर्गका केटाहरूको सङ्गतले उनलाई दुर्व्यसनमा धकेलेको हो ।

सोनी र सवनम एक-अर्कामा मिल्ने साथी हुन् । सवनमकै दबाबले सुरु गरेकी हुन् सोनीले पनि । 'सुरुमा चुरोट खान्थें, पछि लागूऔषध लिन पुगें,' प्लस टु पढ्ने सवनमले भनिन् ।

उनी आजभोलि बढी नाइट्रोसन प्रयोग गर्छिन् । तर, उनले कन्ट्रोल गर्न सक्ने दाबी गर्दै आफू दुर्व्यसनी बनिनसकेको बताइन् । 'चाहें भने भर्खरै छोड्न सक्छु, मैले नशाको रूपमा लिएकी छैन,' बाग्लुङकी एक अधिकृतकी छोरी सवनमले भनिन्। अहिले उनी बाबुआमाको निगरानीबाट टाढै छिन् ।

सम्पन्न परिवारकी छोरी सोनी यस्तो दुर्व्यसनीमा लागेको करिब एक वर्षदेखि हो। उनलाई आफू दुर्व्यसनमा फस्न लागेको पनि राम्रैसँग थाहा छ। तर, उनले बानी भने सुधार्न सकेकी छैनन् ।

एकजना दुर्व्यसनीले सातदेखि १० जनालाई प्रभावित पार्न सक्ने एक अध्ययनले देखाएको छ। दुर्व्यसनीले साथी बढाउने अभियानमा यसरी नयाँ युवाहरू फस्न पुगेका देखिन्छन् ।

यिनीहरू कुनै सहरी क्षेत्रमा बढेका दुर्व्यसनीहरू होइनन् । धौलागिरी अञ्चलको बाग्लुङमा यस्तो सिको गर्नेहरूको सङ्ख्या दिनदिनै वृ

*प्रहरी प्रशासनकै मिलोमतोमा लागूऔषधको कारोबार हुने गरेको आरोप दुर्व्यसनीका आफन्तको छ । नशामा झुम्मिएर आनन्द लिन उनीहरूको पैसाको स्रोत भने अभिभावक नै हुन् । मोबाइल रिचार्ज, स्टेसनरी, पिकनिक, खाजा खर्च आदिको वहानामा घरबाट पैसा माग्ने गरेका छन् ।*

यसरी खुलमखुला लागूऔषध प्रयोग गरेको देखेपछि एक छात्रालाई भर्ना नै नलिएको अमृत आदर्श बोर्डिङ स्कुलका प्रिन्सिपल महेश प्रधानले बताए ।

प्रहरी-प्रशासनले अहिलेसम्म कुनै दुर्व्यसनीलाई नियन्त्रणमा लिएको छैन । जिल्ला प्रशासन कार्यालय बाग्लुङमा अझैसम्म कहीँकतैबाट पनि दुर्व्यसनीउपर उजुरी परेको छैन । लागूऔषध ओसारपसार गर्ने व्यापारीलाई भने बेला-बेलामा पक्राउ गरेको प्रहरी निरीक्षक सिद्धिविक्रम शाह बताउँछन् । सामुदायिक प्रहरी सेवा केन्द्र बाग्लुङका अध्यक्ष सहदेव राजभण्डारी जनचेतनाको अभाव र अभिभावकको सहयोग नभएर दुर्व्यसन न्यूनीकरणको प्रभावकारी कदम चाल्न नसकेको बताउँछन् ।

प्रहरी प्रशासनकै मिलोमतोमा लागूऔषधको कारोबार हुने गरेको आरोप दुर्व्यसनीका आफन्तको छ । नशामा झुम्मिएर आनन्द लिन उनीहरूको पैसाको स्रोत भने अभिभावक नै हुन् । मोबाइल रिचार्ज, स्टेसनरी, पिकनिक, खाजा खर्च आदिको वहानामा घरबाट पैसा माग्ने गरेका छन् ।

एउटै सुई धेरैले प्रयोग गर्नाले एचआईभी पोजिटिभ रोग लाग्ने सम्भावना हुन्छ । चिकित्सकका अनुसार लागूऔषध सेवन गर्नेको आयु सामान्य मानिसको भन्दा निकै कम हुन्छ । अध्ययनअनुसार दुर्व्यसनी लागूऔषध सेवन गर्न सुरु गरेदेखि सरदर १० वर्ष मात्रै बाँच्न सक्ने देखिएको छ ।

नेपालमा ४६ हजार तीन सय नौ जना दुर्व्यसनी रहेको सरकारी तथ्याङ्कमा उल्लेख छ । जसमध्ये ४२ हजार नौ सय ५४ पुरुष र तीन हजार तीन सय ५६ महिला छन् । गैरसरकारी सङ्घसंस्थाले भने एक लाख पचास हजार दुर्व्यसनी रहेको तथ्याङ्क सार्वजनिक गरेका छन् । जसमध्ये ७० प्रतिशत दस जोड दुईसम्मका र ३० प्रतिशत माध्यमिक तहका विद्यार्थी छन् । गैरसरकारी संस्था नार्कोनन् नेपालको तथ्याङ्कले देशभरिमा २५ हजार महिला लागूऔषध दुर्व्यसनी रहेका देखाएको छ । जसमध्ये ८० प्रतिशत केटा साथीको कारण दुर्व्यसनीमा फसेको पाइएको छ ।

त्यसो त सङ्गत वा जान्ने रहरले दुर्व्यसनीमा फसेकाहरू नसुध्रेका भने होइनन् । नियतिको खेलमा परे पनि बेलैमा सच्चिएकाहरूको जीवन भने सफल नै देखिएको छ । त्यसकै एक उदाहरण बनेकी छिन्- १९ वर्षीया मञ्जु (नाम परिवर्तन) । काठमाडौंमा पढ्दा दुर्व्यसनी बनेकी उनलाई परिवारले थाहा पाएर छुटाएको थियो । अभिभावकले व्यवसाय खोलिदिएर जिम्मेवारी सुम्पेपछि उनी दुर्व्यसनीबाट मुक्त भएकी थिइन् । उनी अहिले आफ्नो पेसा चलाउँदै बेफुर्सदिली छिन् । साथीभाइ भेट्ने र अनावश्यक कुरा सोच्ने समय उनलाई छैन । समय मिल्यो भने पत्रिका पढेर बस्ने बताउँछिन् ।

पूर्वदुर्व्यसनी राजकृष्ण लिम्बू विगत दुई वर्षदेखि नार्कोनन् नेपाल पुनर्स्थापना केन्द्रमा बस्दै आएका छन् । छ कक्षामा हुँदा नै दुर्व्यसनमा फसेका राजकृष्ण त्यतिबेला १२ वर्षका थिए । 'क्षणिक आनन्दका लागि जे-जस्ता काम गर्न पनि पछि पर्दैनथें । पैसा नदिए कि मर्छु मारिदिन्छु भन्थें,' दुःखी हुँदै राजकृष्ण भन्छन्, 'मेरै कारण बुबाआमा घरबाहिर बस्न बाध्य हुनुभयो ।'

पुनर्स्थापना केन्द्रको कामसमेत गरेको नौलो घुम्तीका ६५ जना कर्मचारीमा झन्डै ५० प्रतिशत पूर्वदुर्व्यसनी छन् । उनीहरूले अहिले सफल जीवन बिताइरहेका छन् ।

नौलो घुम्तीको स्वेच्छिक रगत परीक्षणमा एक हजार पाँच सयजनामध्ये दुई सयमा एचआईभी सङ्क्रमित देखिएको थियो । उनीहरूलाई समुदाय तथा घरमा आधारित हेरचाह सेवा पुऱ्याइराखेको नौलो घुम्तीका कार्यकारी निर्देशक रामप्रसाद ज्ञवाली बताउँछन् । न्यु इरा फेमिली हेल्थ इन्टरनेसनल नेपाल २००७ को सर्वेक्षणले लागूपदार्थ प्रयोगकर्तामध्ये एचआईभी/एड्सको दर २२ प्रतिशतबाट घटेर ७ प्रतिशतमा झरेको देखाएको छ ।

पोखरामा पुनर्स्थापित हुन चाहनेलाई नौलो घुम्तीले व्यावसायिक सीप, नेतृत्व विकासका साथै उपचार गर्दै आएको छ । नौलो घुम्तीको एचआईभी/एड्स न्यूनीकरण कार्यक्रम २०६४ को पछिल्लो रेकर्डअनुसार सात सय प्रयोगकर्ताले क्षति न्यूनीकरण सेवा लिएका छन् । देशका विभिन्न ठाउँका एक हजार ६ सयले यो केन्द्रबाट उपचार लिएका छन् । जसमध्ये २० देखि २५ प्रतिशत समाजमा पुनर्स्थापित भइसकेका छन् ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बालविवाहले मौलायो बहुविवाह

*बालविवाह कानुनी र सामाजिक दुवै अपराध हो । तर, नेपालगन्ज नगरभित्रको चिडिमार समुदायको यथार्थ हेर्दा त्यस्तो लाग्दैन, जहाँ १० वर्षमाथिका अधिकांश बालबालिका अविवाहित भेटिँदैनन् । बालबालिकाका क्षेत्रमा करोडौं खर्चिरहेका गैरसरकारी संस्था र राज्यका निकाय यसबारे पूरै 'बेखबर' छन् ।*

सन्ध्या शाह

**बाँके**/ नेपालगन्ज बेलासपुरमा एउटा बाक्लो बस्ती छ, चिडिमार समुदायको । त्यही समुदायकी बालिका सङ्गीता चिडिमार भर्खर १२ वर्षकी भइन् । तर, उनको सिउँदो सिन्दूरले रङ्गिइसकेको छ, गलामा पोते लगाएकी छिन् । गएको महिना उनको घर पुग्दा उनी हत्त न पत्त हातले सिउँदो छोप्न खोज्दै थिइन् । किन यसो गरेको ? भनेर सोध्दा उनको जवाफ थियो, 'सिन्दूर देखाउन लाज लाग्छ ।'

सानो उमेरमै दुलही बनेर लोग्नेको घर सम्हाल्न पुगिसकेकी सङ्गीतालाई सिउँदो देखाउन लाज लाग्नु अस्वाभाविक होइन । किनभने, उनी आफैंले चाहेर बिहे गरेकी होइनन् । जातीय संस्कार जोगाउन बाबुआमाले सानै उमेरमा बिहे गर्न बाध्य पारे । मन नभए पनि कलिलै उमेरमा उनी दुलही बनेर जानुपर्‍यो । भन्छिन्, 'मन नभए पनि बाबुआमाले भनेपछि बाध्य भएर मान्नैपर्‍यो ।' तराईको दलित जातिमा पर्ने चिडिमार समुदायमा सानैमा छोराछोरीको बिहे गरिदिने चलन छ, अहिलेसम्म पनि यो चलन उस्तै छ ।

यही बस्तीका महावीर चिडिमार अहिले बल्ल १८ वर्षका भए । तर, उनको बिहे भएको ५-६ वर्ष भइसक्यो । उनी दुई बच्चाको बाबु पनि भइसकेका छन् । पढ्न स्कुल जाने उमेरमा बाबुआमाले उनको बिहे गरिदिए, भविष्यका लागि सोच्नेबेला उनी घर व्यवहारको बो भएकातले थिचिएका छन् । अहिलेसम्म पनि उनलाई विवाह के हो, किन गरिन्छ भन्ने नै थाहा छैन । तर, परिस्थिति र व्यवहारले उनलाई एउटा लोग्ने र सन्तानको बाबुसमेत बनाइदिएको छ । उनी भन्छन्, 'पढ्न पनि पाइएन, नपढेपछि भनेजस्तो काम मिल्दैन, बाबुआमाको पुरानो सोचाइ र जबर्जस्तीले हाम्रो जिन्दगी बर्बाद भयो ।'

*महावीर चिडिमार अहिले बल्ल १८ वर्षका भए । तर, उनको बिहे भएको ५-६ वर्ष भइसक्यो । उनी दुई बच्चाको बाबु पनि भइसकेका छन् । पढ्न स्कुल जाने उमेरमा बाबुआमाले उनको बिहे गरिदिए, भविष्यका लागि सोच्नेबेला उनी घर व्यवहारको बोझले थिचिएका छन् । अहिलेसम्म पनि उनलाई विवाह के हो, किन गरिन्छ भन्ने नै थाहा छैन । तर, परिस्थिति र व्यवहारले उनलाई एउटा लोग्ने र सन्तानको बाबुसमेत बनाइदिएको छ ।*

तराइ को दलित जाति चिडिमारहरू आर्थिक रूपमा पनि एकदमै विपन्न मानिन्छन् । उनीहरूको आफ्नै जग्गाजमिन हुँदैन । ओत लाग्ने छाप्रो बनाउने ठाउँबाहेक उनीहरूको आफ्नै जग्गाजमिन र सम्पत्ति छैन । जङ्गलका चरा मारेर गुजारा चलाउने भएकाले यो जातिलाई चिडिमार भन्ने गरिएको हो । नेपालगन्जमा मात्र यो जातिले बसोबास गर्न थालेको पाँच-छ पुस्ता भइसकेको छ । करिब पाँच सय परिवार यहाँ बसोबास गर्छन् । अहिले जङ्गलका चरा पनि भने जति मार्न नपाइने भएकाले उनीहरू ज्याला मजदुरीको कामले गुजारा गर्छन् । तर, दुई छाक जोर्न पनि धौ-धौ हुने यो समुदाय रीतिरिवाज जोगाउन भने उत्तिकै लागेको छ । बालविवाह रोकिनुको साटो अहिले पनि बढिरहनु त्यसकै उदाहरण हो । सात वर्षको उमेरमा विवाह गरेर ५५ वर्ष नाघिसकेका दरबारी चिडिमार भन्छन्, 'छोराछोरीले विवाह गर्न नमाने पनि संस्कार जोगाउन जबर्जस्ती विवाह गराइदिनुपर्छ ।' उनी थप्छन्, 'पुस्ताको चलन, चटक्क भुल्न पनि त सकिँदैन ।'

सानै उमेरमा विवाह गरेपछि धर्म कमाइने रुढीवादी सोचाइ यो समुदायमा अझै छ । त्यसैले पनि

*१३ वर्षमै बुहारी बनेर भित्रिएकी फूलमती चिडिमार भन्छिन्, 'खेल्ने उमेरमा बिहे भयो, पढ्न पनि पाइएन, अब यो चलन अन्त्य हुनुपर्छ ।' समुदायको इज्जत धान्न आफूले सानैमा बिहे गरे पनि आफ्ना छोराछोरीलाई भने त्यस्तो हुन नदिने सोचाइ महावीरमा पनि आएको छ ।*

यो प्रथा दह्रो रूपमा जरा गाडेर रहन सकेको हो । यसै वर्ष मात्र यहाँ १२-१३ वर्षका पाँच जोडी बालबालिकाको विवाह भइसकेको छ । बालविवाहको शैली पनि अनौठो लाग्छ । एउटा विवाह चारपटकसम्म गरिने चलन छ । आर्थिक रूपमा विपन्न भए पनि उनीहरू चारपटकसम्म बिहेको भोज खुवाउँछन् । छोरा या छोरी जो भए पनि १० वर्ष पुगेपछि पहिले गौना र पछि थौना (हिन्दू संस्कारअनुसार जनैसुपारी गरेजस्तो) गर्ने चलन छ । त्यसको पाँच वर्षपछि बिहे भएर घरमा भित्र्याइन्छ ।

नेपालगन्ज नगरपालिकाभित्रै बसोबास गर्ने यो समुदायको यथार्थले देखाउँछ- विकसित सहरभित्र पनि बत्तीमुनिको अँध्यारो कायमै रहेछ । नेपालमा बालबालिका र पिछडिएका वर्गको हितका लागि काम गर्ने सयौं संस्था छन् । नेपालगञ्जमा मात्रै दर्जनौं त्यस्ता संस्था कार्यरत रहेको बताइन्छ । वर्षेनी यही नाममा उनीहरूले करोडौं रकम खर्च गर्छन् । तर, चिडिमार बस्तीको अवस्थाले देखाउँछ- उनीहरूको कामभन्दा कुरा मात्रै बढी भएको रहेछ । कुनै पनि सङ्घसंस्थाका गतिविधि यहाँ पुग्न सकेको देखिँदैन । गलत संस्कारबारे यहाँ सामान्य चेतनासम्म पुऱ्याउन पनि सङ्घसंस्थाले पहल गरेजस्तो लाग्दैन । बाहिरी परिवेशबाट केही चेतनास्तर बढेका यहाँका किशोरकिशोरी रुढीवादी चलन हटाउन चाहन्छन् । तर, उनीहरूलाई साथ दिने कोही छैन । केही सुझबुझ भएका स्थानीय किशोर महेश चिडिमार भन्छन्, 'केही गर्न खोज्यो भने सबैले संस्कारविरुद्ध गयो भन्छन्, हामीलाई साथ दिने कोही छैन ।'

कतैबाट सहयोग नपाए पनि स्थानीय युवा र किशोरहरूले रुढीवादी संस्कार हटाउने पहल गर्न टोल सुधार उपभोक्ता समिति गठन गरेका छन् । समितिका अध्यक्ष रामु चिडिमार समुदायमा रहेका रुढीवादी गलत संस्कार र कुरीति अन्त्य गर्न आफूहरूले पहल सुरु गरेको बताउँछन् । उनी भन्छन्, 'कोही बुझ्दैनन्, एकदमै गाह्रो छ तर, पनि हामी दिनरात खटेका छौं ।'

स्थानीय किशोर र युवाको यो पहलपछि समुदायमा केही परिवर्तन भने देखापर्न थालेको छ । १३ वर्षमै बुहारी बनेर भित्रिएकी फूलमती चिडिमार भन्छिन्, 'खेल्ने उमेरमा बिहे भयो, पढ्न पनि पाइएन, अब यो चलन अन्त्य हुनुपर्छ ।' समुदायको इज्जत धान्न आफूले सानैमा बिहे गरे पनि आफ्ना छोराछोरीलाई भने त्यस्तो हुन नदिने सोचाइ महावीरमा पनि आएको छ । छोराछोरीलाई धेरै पढाएर उमेर पुगेपछि मात्रै बिहे गरिदिने सोचाइ बनाएका छन् उनले । भन्छन्, 'मेरोजस्तो अवस्था छोराछोरीलाई नआओस् ।'

चिडिमार समुदायमा चेतनास्तर बढेका युवाहरू यो अभियानमा लाग्नुका पछाडि लामो पृष्ठभूमि छ । बालविवाहले पारेको नकारात्मक असरको लामो सूची छ यहाँ किनभने यहाँका अधिकांश बालबालिका विवाहित छन् । त्यो मात्रै होइन, बालविवाहसँगै बहुविवाहको समस्यासमेत मौलाएको छ । विवाह के हो भन्ने थाहा नपाउँदै बाबुआमाले सानै उमेरमा बिहे गरिदिएका युवाहरूले जान्ने-बुझ्ने भएपछि आफूले मन पराएकोसँग बिहे गर्न थालेका छन् । यो स्थितिले यहाँ बहुविवाह मौलाउने र त्यसले थप समस्या खडा गर्ने खतरा देखिन्छ । महावीर भन्छन्, 'हामी आफैं नजुटेसम्म केही हुँदैन, त्यसैले केही गर्नुपर्छ ।'

व्यवहारमा शारीरिक र मानसिक दुवै समस्या तथा कठिनाइ हुने भएकाले कानुनले बालविवाह बर्जित गरेको छ । नेपालको मुलुकी ऐनमा पनि २० वर्षपछि मात्रै बिहे हुने व्यवस्था छ । १० वर्षमुनिका बालबालिकाको विवाह गरेमा एक महिनादेखि तीन वर्षसम्म कैद र रु. एक हजारदेखि १० हजारसम्म जरिवाना हुने व्यवस्था कानुनले नै गरेको छ । त्यस्तै, १०-१५ वर्ष उमेरका बालबालिकाको विवाह गराएमा एक वर्षसम्म कैद र रु. पाँच हजार जरिवाना तथा १४-१८ वर्षका बालबालिकाको विवाह गराएमा ६ महिना कैद र रु. १० हजारसम्म जरिवाना हुन सक्छ । तर, चिडिमार बस्तीको यो अवस्थाले कानुनी व्यवस्थाकै खिल्ली उडाएको छ । अधिवक्ता लोकबहादुर शाह प्रहरी प्रशासनजस्ता सरोकारवाला निकायले यो सवाललाई गम्भीर रूपमा नलिँदा समस्या मौलाउँदै गएको ठान्छन् । उनी भन्छन्, 'न त्यस्ता निकाय क्रियाशील छन् न त चेतना दिने काम नै हुन सकेको छ ।'

जनचेतनामूलक काम गर्ने सरकारी निकाय, त्यसकै लागि करोडौं रकम भित्र्याउने गैरसरकारी संस्था र प्रहरी प्रशासनजस्ता सरकारी निकायले चासो दिने हो भने थुप्रैको जीवन बर्बाद पार्ने यस्ता विकृति अन्त्य गर्न सघाउ पुग्नेछ । तर, यतापट्टि उनीहरूको ध्यान कहिले जाला ?

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# सेतो पहिरनमा स्वतन्त्रताको खोजी

*'तनावबाट मुक्त रहन, असल आचरण अङ्गाल्न र स्वतन्त्रताको खोजी गर्न' भन्दै ब्रह्मकुमारी/कुमार बन्नेको सङ्ख्या दिनदिनै बढ्दैछ । तर, उनीहरूमध्येकै धेरैजसो यसमा अनभिज्ञ रहनु र त्यसमा बालबालिकाको सङ्ख्या उल्लेख्य हुनुले स्वाभाविक प्रश्न उब्जन्छ, 'यो अवधारणा जायज छ त ?'*

✍ रेखा भुसाल

**रूपन्देही**/ गुल्मी तम्घासकी प्रतिभा पाण्डे चञ्चले र जिद्दी स्वभावकी थिइन् । आफूले भनेजस्तो हुनैपर्थ्यो । नाच्ने, गाउने उनको सानैदेखिको रुचि थियो, ठूलो भएर डान्सर बन्ने र देश-विदेश घुम्ने सपना देख्थिन् । तर, उमेरसँगै उनका चाहना र रुचिमाथि घरपरिवार छर-छिमेकका बन्देजहरू बढ्दै गए । 'छोरी मान्छे धेरै बोलेको र नाच्दै, गाउँदै हिँडेको राम्रो हुँदैन,' जस्ता अर्ती-उपदेश पाउन थालिन् । साथीभाइसँग उनी आफ्नो लक्ष्यमा पुग्न र स्वतन्त्र जीवन जिउन छोरा नै हुनुपर्नेरहेछ भन्थिन् । एक दिन साथीकै आग्रहमा उनी ब्रह्मकुमारीको प्रवचन सुन्न तम्घासको राजयोग प्रशिक्षण केन्द्र पुगिन् । शान्त वातावरण, स्वतन्त्र जीवन उनलाई मन पर्‍यो । प्रवचनमा भनिएजस्तै समाजको डरत्रासमा एउटी छोरी, बुहारी र आमा मात्र भएर बाँच्नुभन्दा स्वतन्त्र रूपमा मानवसेवामा जीवन समर्पित गर्नु उनलाई राम्रो लाग्यो ।

उनको यो निर्णयले घरमा भुइँचालो गयो । लामो प्रयासपछि घरपरिवारलाई राजी गराइन् । यसरी १९ वर्षको कलिलो उमेरमै उनी ब्रह्मकुमारी बनिन् । सेतो पहिरनमा बाँचुन्जेल ब्रह्मचर्यको नियमअनुसार मानव सेवामा लाग्ने अठोट लिएकी प्रतिभा हिजोआज बुटवलमा रहेको ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालयको राजयोग प्रशिक्षण केन्द्रमा बस्छिन् । उनी बुटवल बहुमुखी क्याम्पसमा बीएड पढ्दै पनि छिन् । राजयोगमा आएपछि उनको रिसाउने, झर्कने स्वभावमा परिवर्तन आएको छ । भन्छिन्, 'सट्टामा व्यावहारिक र आध्यात्मिक ज्ञान पाएकी छु ।'

नेपालका करिब एक हजार महिला ब्रह्मकुमारी र दुई सय पुरुष ब्रह्मकुमार बनेका छन् । तीमध्ये पश्चिम नेपालमा मात्रै पाँच सयको हाराहारीमा छन् । त्यसमध्ये पनि सानो उमेरमै विरक्तिएर ब्रह्मकुमारी बन्नेको सङ्ख्या बढ्दैछ । त्यसको उदाहरण कैलाली टीकापुरकी लिना हुन् । आमाको अभावमा विरक्तिएर चौध वर्षमै ब्रह्मकुमारी बनेको उनले बताइन् । 'आमा सानैमा बित्नुभो, बाबा भारतमा बस्ने, घरमा सानीआमा र भाइबहिनी थिए । मलाई आफ्नै आमाको चाहना हुन्थ्यो, त्यसैले घरमा बस्न मन नलागेर एक दिन बेसुरमा टीकापुरबाट बस चढें । रूपन्देहीको खैरेनीमा

*'आमा सानैमा बित्नुभो, बाबा भारतमा बस्ने, घरमा सानीआमा र भाइबहिनी थिए । मलाई आफ्नै आमाको चाहना हुन्थ्यो, त्यसैले घरमा बस्न मन नलागेर एक दिन बेसुरमा टीकापुरबाट बस चढें । रूपन्देहीको खैरेनीमा आइपुग्दा सेतो पहिरनमा दुईजना दिदी देखें । उनीहरूलाई सबै बताएर यहाँ आएँ ।*

आइपुग्दा सेतो पहिरनमा दुईजना दिदी देखें । उनीहरूलाई सबै बताएर यहाँ आएँ । त्यतिबेलासम्म मैले ब्रह्मकुमारी देखेकी र सुनेकी पनि थिइनँ,' लिनाले पाँच वर्षअघिको यथार्थ खोलिन् ।

लिनाले यहाँबाट फर्काउन घरपरिवारले अनेकौं प्रयास गरेको भए पनि यहाँ आइसकेपछि मनभित्रको तनाव शान्त भएकाले आफू नफर्केको बताइन् । 'तनावबाट मान्छेलाई छुटकारा दिलाउन चाहन्छु, कुनै बालबालिका १४/१५ वर्षको उमेरमा विरक्तिएर हिँड्न नपरोस् । त्यसका लागि हरेक अभिभावकलाई पारिवारिक माया सबैभन्दा ठूलो सम्पत्ति हो भनेर बुझाउनेछु,' उनी भन्छिन्, 'त्यही उद्देश्य पूरा गर्न घर फर्किनँ ।'

लिना अहिले बालबालिका र युवा दुर्व्यसनमा किन लाग्छन्, त्यसको समाधान के हो भन्ने खोजीमा जुटेकी छिन् । त्यसैले ईश्वरीय विश्वविद्यालयले आयोजना गर्ने प्रवचनमा उनी बालबालिकालाई मायाले सपार्न सकिन्छ भन्ने प्रवचन दिन्छिन् । उनी पैसामात्र लगानी गरेर पढाइएका बालबालिका पछि पेसा र पैसाले मात्र ठूलो देखिए पनि व्यावहारिक र मानसिक रूपमा सुखी र खुसी हुन नसक्ने बताउँछिन् ।

हरेक दिन बिहान साढे तीन बजे उठ्नु, आधा घन्टाको योग सकेर व्यक्तिगत सरसफाइपछि सामूहिक शिक्षा लिनु ब्रह्मकुमारीहरूको दैनिकी हो । भान्सामा

खाना बनाउनु, रिसेप्सनमा बस्नु, अफिस कोठा, हल सफा गर्नु, बगैंचाको रेखदेख गर्नु पनि उनका नियमित काम हुन्। साकाहारी खाना खानु र सेतो पहिरन लगाउनु ब्रह्मकुमारीको चिनारी हो। सेतो कपडा नै किन त ? प्रमुख प्रशिक्षक ब्रह्मकुमारी कमला भन्छिन्, 'सेतो रङ्ग शान्ति, स्वच्छता, सेवाभावको रङ्ग हो। त्यसैले देख्ने र लगाउनेलाई पनि शीतलता देओस् भनेर सेतो रङ्गको कपडा लगाउने गरिन्छ।'

धार्मिक ग्रन्थका अनुसार भारतको सिन्ध प्रान्त हैदरावादका हिरामोतीका व्यापारी दादा लेखराजले ६० वर्षको उमेरमा सन् १९३७ मा जगदम्बा सरस्वती 'मम्मा' को अगुवाइमा आठजना महिलाको समूहलाई सबै सम्पत्ति सुम्पेर ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय तथा राजयोग प्रशिक्षण केन्द्र स्थापना गरेका थिए। नेपालमा वि.सं.२०२३ सालमा पूर्वमा विराटनगरमा सातदिने योग प्रशिक्षण र प्रवचन कक्षाबाट यसको सुरुवात गरिएको थियो। नेपालको भैरहवामा वि.सं.२०३५ सालमा यसको जग बसाल्ने काम नेपालकै पहिलो ब्रह्मकुमारी प्रणिता दिदीले गरेकी हुन्। ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय तथा राजयोग प्रशिक्षण केन्द्र बुटवलको रेखदेखको जिम्मा पाएकी ब्रह्मकुमारी सीमाका अनुसार अहिले नेपालमा आठवटा विश्वविद्यालय र करिब ६ सय शाखा, उपशाखा र एकाइ कक्षा छन्।

झट्ट नाम सुन्दा ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय नै होला भन्ने लाग्छ। तर, त्यहाँ पढाउने भनिँदैन, ज्ञान दिने भनिन्छ र ईश्वरीय ज्ञान दिइन्छ। निश्चित समयमा निश्चित कोर्स गरेपछि उत्तीर्ण-अनुत्तीर्ण छुट्याउने, प्रमाणपत्र दिने काम पनि हुँदैन। ब्रह्मकुमार नरेन्द्रका अनुसार यहाँ ज्ञान लिन चाहनेलाई सुरुमा सातदिने कोर्स गराइन्छ। जसमा आध्यात्मिकवादको सत्य परिचय, आफूलाई आफैंले चिन्न सिकाउने, आफूभित्र जगत् खोज्न सिकाउने र भगवान्‌को राम्रो कामको अनुशरण गर्न सिकाइन्छ। त्यसपछि समाजसेवामा समर्पित गराइन्छ।

ब्रह्मकुमारीहरू ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालयले आध्यात्मिक रूपमा ज्ञान दिएरै मानव सेवा गरेको दाबी गर्छन्। उनीहरूका अनुसार ब्रह्मकुमारी भनेको ब्रह्मचारी बन्न सिकाउने शिक्षा होइन। जुन व्यक्तिले जुन काम गरेर बाँचेको छ त्यो जीवनलाई कसरी मर्यादित र अनुशासित बनाउने भनेर सिकाउने शिक्षा हो। प्रणिता दिदी भन्छिन्, 'हामीले मेरो र आफ्ना लागि मात्र नसोचेर हामी सबैका लागि सोचेर समाज सेवामा समर्पित हुन सिक्छौं। त्यसका लागि सबैभन्दा पहिले आफ्नो आचरण र सोचमा परिवर्तन गर्छौं।'

ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालयमा हरेक वर्ग र क्षेत्रलाई समेट्ने गरी महिला, बालबालिका,

*झट्ट नाम सुन्दा ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय 'विश्वविद्यालय' नै होला भन्ने लाग्छ। तर, त्यहाँ पढाउने भनिँदैन, ज्ञान दिने भनिन्छ र ईश्वरीय ज्ञान दिइन्छ। निश्चित समयमा निश्चित कोर्स गरेपछि उत्तीर्ण-अनुत्तीर्ण छुट्याउने, प्रमाणपत्र दिने काम पनि हुँदैन। ब्रह्मकुमार नरेन्द्रका अनुसार यहाँ ज्ञान लिन चाहनेलाई सुरुमा सातदिने कोर्स गराइन्छ।*

व्यवसायी, सञ्चारलगायतका विभाग छन्। अरूलाई मानवीय मूल्य-मान्यता, अधिकार र आचरणका बारेमा सिकाउँदै हिँड्ने ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालयमा १४ वर्षे बालिकादेखि २२ वर्षे किशोरी धेरै छन्। राजयोग प्रशिक्षण केन्द्र बुटवलकी प्रमुख प्रशिक्षक ब्रह्मकुमारी कमला दिदीले ब्रह्मकुमारी बन्नैपर्छ भनेर कसैलाई कर नगरिने तर कसैले ज्ञान लिएर राम्रो लागेर यसैमा समर्पित हुन चाहेमा बालिकालाई पनि ब्रह्मकुमारी बनाइने बताइन्। तर, हामीकहाँ १६ वर्षसम्मकालाई बालबालिका भनिने, बालबालिकाले स्वविवेकभन्दा अरूले सिकाए वा निर्देशन दिएअनुसार बुझ्ने र उसलाई जुन काम गर्न उक्साइएको वा हौस्याइएको छ त्यही गर्ने अवस्था छ।

त्यसको प्रभाव ब्रह्मकुमारीमा पनि देख्न सकिन्छ। एक वर्षअघिदेखि लागेका हुन् या धेरै वर्षदेखि, धेरैजसोलाई किन लागेको भनेर सोध्दा जवाफ उस्तै हुन्छ, 'मानव सेवा गर्न।' कसरी गर्नुहुन्छ मानव सेवा ? उनीहरू भन्छन्, 'ज्ञान दिएर।' कस्तो ज्ञान ? 'ईश्वरीय ज्ञान।' के हो ईश्वरीय ज्ञान ? तर यसको उत्तर सहजरूपमा आउँदैन। यसले प्रश्न उठ्छ- संस्थाको विस्तार र प्रचारका लागि मात्र ब्रह्मकुमारीलाई प्रयोग गर्ने गरिएको त छैन ? केटाकेटी या किशोरावस्थामै भरुवा ज्ञानका आधारमा उनीहरू ब्रह्मकुमारी बनेका त होइनन् ? विश्व हिन्दू महासङ्घका गणेशमान सैजु आफ्नो आदर्श र ईश्वरीय मूल्य-मान्यता कायम राख्न उक्त विश्वविद्यालयले किशोरावस्था पार गरिसकेको परिपक्व मान्छेले ज्ञान पाएपछि ब्रह्मकुमारी या ब्रह्मकुमार बन्छु भन्छ भने मात्र बनाउने व्यवस्था गर्नुपर्ने बताउँछन्। अन्यथा विकृति, विसङ्गतिलाई

असल आचरण र चरित्रबाटै हटाउने भनेर लागेको आध्यात्मिक संस्थाभित्रै अन्य खालका विकृति, विसङ्गति भित्रिने उनको आशङ्का छ ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# ढल नबन्दा दुर्गन्धित टीकापुर

*कैलालीको टीकापुरमा नेपालकै नमुना सहर बनाउने उद्देश्यले २०२८ सालमा सडकको परिकल्पना अवधारणा तयार गरिएको थियो । तर, योजनाअनुसार भौतिक पूर्वाधार विकास गर्न नसक्दा नाम मात्रको नगर भएको छ अहिले ।*

✍ दुर्गा देवकोटा

**कैलाली**/ फ्रान्सको राजधानी पेरिसजस्तै व्यवस्थित सहरको परिकल्पना गरेर टीकापुरको विकास सुरु भएको हो। त्यतिबेला यसलाई नेपालकै नमुना सहरका रूपमा विकसित गर्ने योजना पनि थियो। यो योजना कल्पना गरेको तीन दशकभन्दा बढी भइसकेको छ। तर, टीकापुर भने कुनै विकसित सहरको सभ्य बस्ती त परै जाओस् दुर्गन्ध र फोहोरले मानव बासस्थानका लागि नालायक ठाउँ बन्दै गएको छ ।

सहरी बसोबासका लागि पानी, ढल, बाटो र फोहोर व्यवस्थापन न्यूनतम पूर्वाधार मानिन्छन्। तर, यिनै पूर्वाधारहरू वर्षौंसम्म पनि बन्न नसक्दा यो ठाउँ समस्याग्रस्त बनेको हो। हिउँदमा धूलैधूलो र वर्षामा हरेक घर नै जलमग्न हुन्छन्। अझ बजारको मुख्य ढलको समेत निकास नहुँदा सडकमै बग्ने दुर्गन्धित पानीले पूरै बस्ती नै प्रदूषित बन्ने गरेको छ ।

पानी जम्ने ठाउँमा ढल बनाएको छैन, जता पानी जम्दैन उता ढल निकास गरिएको छ। तर रोडमा पानी जमेर आवतजावत गर्न कठिनाइ हुन्छ, तर त्यहाँ पानी निकास हुने ठाउँ नै छैन ।

टीकापुरमा व्यवस्थित बस्ती बसाल्न सुरु भएको ३६ वर्ष भइसकेको छ। यो अवधिमा जम्मा पौने तीन किलोमिटर मात्रै ढल बनेको छ। बनेको ढल पनि बीचैमा अलपत्र छ। ढलमा आएको पानी बगेर जाने निकास छैन । जसका कारण वर्षा हुनासाथ ढलको पानी सडक हुँदै घर-आँगनमै बग्ने गरेको छ ।

विकास योजना प्रारम्भ भएको करिब साढे तीन दशकमा नगरक्षेत्रमा साढे नौ किलोमिटर सडक मात्र कालोपत्रे गरिएको छ। कालोपत्रे सडकको किनारमै पनि ढल छैन। सडकको दायाँबायाँका घरका छतबाट खसेको पानी पनि ढल निकास नहुँदा सडकमै बगेर हिँडडुल गर्नै गाह्रो हुन्छ। टीकापुर नगरकै मुटु ब्लक नम्बर १४ का मोहन रावल भन्छन्, 'पानी पर्न थालेपछि चिन्ता लाग्छ, भान्साघर र बरण्डामा पानी थुप्रिन्छ। सडकको पानी सबै घरमै आउँछ जाने ठाउँ कतै छैन ।'

*सडकको दायाँबायाँका घरका छतबाट खसेको पानी पनि ढल निकास नहुँदा सडकमै बगेर हिँडडुल गर्नै गाह्रो हुन्छ । टीकापुर नगरकै मुटु ब्लक नम्बर १४ का मोहन रावल भन्छन्, 'पानी पर्न थालेपछि चिन्ता लाग्छ, भान्साघर र बरण्डामा पानी थुप्रिन्छ । सडकको पानी सबै घरमै आउँछ जाने ठाउँ कतै छैन ।'*

सडकअनुसार चार सय ८० किलोमिटर ढल आवश्यक भए पनि नगर क्षेत्रमा दुई दशमलब ७५ किलोमिटर मात्रै मुख्य ढल निर्माण भएको छ भने तीन दशमलब २१ किलोमिटर मात्रै अस्थायी शाखा ढल निर्माण गरिएको छ ।

यहाँ ६ फिटदेखि एक सय ६० फिट चौडा बाटा छन्। ग्राभेलसम्म नभएर ती बाटाहरू पूरै धुले छन् ।

२०२८ सालमा तत्कालीन मन्त्री खड्गबहादुर सिंहको परिकल्पनामा बस्ती बसाल्न सुरु भएको हो। नगरपालिकाले पनि घरको नक्सा पास गर्दा ढल निकास छ-छैन हेर्ने गरेको छैन। तर, नक्सामा चाहिँ ढल छुट्याउने गरेको छ। नगरपालिकाका योजना प्रमुख नवराज जोशी भन्छन्, 'घरभित्रको फोहोर आफैं व्यवस्थापन गर्नुपर्ने भएकाले बाहिरको फोहोरका लागि ढलको नक्सा मात्रै हेरेर पास गरिदिन्छौं ।'

*पोहोर साल सडक किनारमा ढल निकास नहुँदा बस्ती डुबेपछि स्थानीयले अस्थायी ढल पनि खनेका थिए । तर, कच्ची ढलले घर भत्किने खतरा बढेपछि उनीहरूले त्यसलाई फेरि पुरिसकेका छन् । नेपाली काङ्ग्रेसका तत्कालीन नगर सभापति तथा नगरपालिका प्रतिनिधि रणबहादुर रावल भन्छन्, 'ढल बनाउनेले पक्की ढल बनाउनुपर्‍यो, अर्काको घरै भत्किने गरी जग खन्नु त भएन नि □'*

आठ हजार घरधुरीमा करिब ४५ हजारको बसोबास छ। तर, प्रत्येक घरबाट निस्कने फोहोर घरभित्रै र आँगनमै व्यवस्थापन गर्नुपर्ने बाध्यता यहाँका नागरिकलाई छ।

टीकापुर नगरपालिका घोषणा भएको पनि १२ वर्ष भइसकेको छ। तर, नगरपालिका भएपछि पनि ढल निकासका लागि कुनै सर्वेक्षण नै भएको छैन। बजारको मुख्य ढल नै खड्गस्मृति माविमा गएर ठोकिन्छ। 'घरवरिपरि टम्म भरिएर पानी घरभित्रै पसेपछि पाँच दिनसम्म छिमेकीकहाँ खाना खानुपर्‍यो,' टीकापुरकी भागीरथी सिंह भन्छिन्, 'पानीले खाद्यान्न र घरसँगै जोडिएको किराना पसलको सामान पनि भिजेर नास भयो।'

पोहोर साल सडक किनारमा ढल निकास नहुँदा बस्ती डुबेपछि स्थानीयले अस्थायी ढल पनि खनेका थिए। तर, कच्ची ढलले घर भत्किने खतरा बढेपछि उनीहरूले त्यसलाई फेरि पुरिसकेका छन्। नेपाली काङ्ग्रेसका तत्कालीन नगर सभापति तथा नगरपालिका प्रतिनिधि रणबहादुर रावल भन्छन्, 'ढल बनाउनेले पक्की ढल बनाउनुपर्‍यो, अर्काको घरै भत्किने गरी जग खन्नु त भएन नि □' कच्ची ढल बनाएर झन् समस्या निम्त्याउनुभन्दा नभएकै बेस भनेर म लगायत त्यो टोलका सबैले पुर्‍यौं।'

गत साउनमा आएको बाढीका कारण टीकापुर बजार क्षेत्रमै डेढ सय बाढीपीडित हुन पुगेको इलाका प्रशासन कार्यालयको तथ्याङ्कमा छ।

नगर क्षेत्रमा नौ किलोमिटर कालोपत्रे सडक, एक सय २८ किलोमिटर ग्राभेल सडक, एक सय एक किलोमिटर कच्ची ग्रामीण सडक रहेको छ। तर, त्यसमा ढल भने छैन। यी सडकमा बिनानिकासका नगण्य ढल पनि खानेपानीले आफ्नो खानेपानी विस्तारका लागि गरेको हो। नगरपालिकाले भने अहिलेसम्म ढल निर्माण गर्ने गुरुयोजना पनि बनाएको छैन।

ढल निकास नहुनुमा टीकापुर नगरपालिकाका कार्यकारी अधिकृत हीरालाल रेग्मी टीकापुर विकास समितिको दोष देखाउँछन्। विकास गर्ने उद्देश्यले गठन भएको समितिले ढल निकासको योजना नै लागू गरेन। ढल निकास योजना बनाउन १० लाख र कार्यान्वयन गर्न दुई करोड रुपैयाँ लाग्ने अधिकृत रेग्मीको अनुमान छ। उनी थप्छन्, 'यसै आर्थिक वर्षमा ढल सर्वेक्षण कार्य हुने आशा छ।'

'नगरपालिकाको नगर परिषद् २०६३/०६४ ले ढल निकासका लागि पाँच लाख बजेट त छुट्याएको छ तर त्यतिमात्र रकमले केही नहुने भएका कारण हामीले कामै सुरु गरेका छैनौं,' रेग्मी भन्छन्, 'ठूला विकास योजनाका लागि केन्द्रको मुख ताक्नुपर्छ। तर केन्द्रमा हुने राजनीतिक फेरबदलले अगाडि बढेको प्रक्रिया पनि ओझेलमा पर्ने गर्दछ।' यसलाई छिटो गर्नका लागि यस क्षेत्रका राजनीतिक दल नै तात्नुपर्छ, उनीहरू सक्रिय भएमा चाँडै हुन्छ।'

टीकापुर विकास समितिका पूर्वअध्यक्ष गंगाबहादुर कुँवर ढल निकासको योजना नबनाउनु र व्यवस्था गर्न नसक्नु आफूहरूकै कमजोरी रहेको स्वीकार गर्छन्। साढे तीन वर्ष विकास समितिमा बस्दा सहर व्यवस्थापन र अन्य कामहरूमै व्यस्त भएको बताउँदै त्यतिखेर विकासका पूर्वाधारहरू पनि केही खडा नभएकाले त्यतैतिर लागेको बताउँछन्। 'त्यतिबेला ढलको आवश्यकता महसुस नभएकै कारण योजना बन्न नसकेको हो,' कुँवर भन्छन्, 'त्यतिखेर बाक्लो बस्ती नभएका कारण ढल आवश्यक थिएन, तर त्यसपछिका जनप्रतिनिधि र राज्यले पनि यस समस्यालाई नउठाउनु कमजोरी नै हो।'

टीकापुरमा विकासका कामहरू गर्न टीकापुर विकास समिति छ भनेर सरकारले यसअघि कुनै पनि विकास योजना नदिएको कुँवरको भनाइ छ। २०२८ सालमा स्थापना भएको टीकापुर विकास समिति २०६४ असारमा विघटन भइसकेको छ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# मेहनती र उद्यमशील दुवै

*मेहनत, साहस अनि केही गरेर देखाउने चाहनाले इलामे महिलाले देशभरमै मेहनती र उद्यमशीलताको पहिचान बनाउन सफल भएका छन् ।*

✍ मनिता चाम्लिङ

**इलाम**/ इलामको साकेजुङ गाविस नेपालटारकी २८ वर्षीया युरिना राईले इलाम सहकारी संस्थाबाट दुईदिने तालिम लिएपछि खुवा, ललिपप र पुष्टकारी बनाउन थालिन्। उनले सुरु गरेको यो कामबाट अहिले चारजनाको परिवारको गुजारा मज्जाले चलेको छ। बेरोजगार भएर बिनाकाम बस्नुभन्दा सानोतिनो काम गरेर केही आम्दानी गर्न सकिने देखेर उनी सुनाखरी र मखमली महिला समूहको सदस्य बनेकी थिइन्। त्यहीँबाटै उनले तालिम लिन पाइन् र तालिमपछि कामसमेत भेटियो। भन्छिन्, 'ठूलो कमाइको सपना देखेर के गर्ने, सानै काम, सानै कमाइ भए पनि गुजारा मज्जाले चलेको छ।'

उनी सदस्य बनेका दुवै संस्था दुई वर्षअघि घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता छन्। १८ जना उद्यमशील महिलाले केही गर्ने आँट बोकेर समूहको स्थापना गरेका हुन्। समूहका अध्यक्ष दुर्गा राईका अनुसार, प्रत्येक सदस्यले सुरुमा एक हजार एक सय रुपैयाँ प्रवेश शुल्क बुझाएका थिए। बाँकी महिला विकास कार्यालयले २० हजार अनुदान सहयोग गरेको थियो। र, समूहले दैनिक उत्पादन गरेको ३० लिटर दूध

*इलामको सिरी थुम्काकी ४० वर्षीया सिरिमाया यक्तेन (सुब्बा) ले अदुवालगायत अन्य सागसब्जीको खेतीसमेत गरेकी छिन्। उनका श्रीमान्को एक वर्षअघि उच्च रक्तचापको कारण मृत्यु भएपछि दुई छोरा र दुई छोरीसहित घरपरिवार धान्ने जिम्मा उनकै काँधमा आइलागेको थियो।*

चियापत्तीको प्रशोधनसम्बन्धी तालिम सुरु गर्ने र प्रशोधन उद्योग नै खोल्ने योजना रहेको महिलाहरू सुनाउँछन् । किनभने इलाम चियाको सबैभन्दा प्रख्यात ठाउँ नै हो । त्यो अवसर छोप्नबाट पछि नपर्ने सुरमा देखिन्छन्, यहाँका जाँगरिला र उद्यमी महिलाहरू ।

राष्ट्रिय जनगणना २०५८ का अनुसार, इलाममा महिलाको सङ्ख्या एक लाख ४० हजार तीन सय ७२ र पुरुषको सङ्ख्या एक लाख ४२ हजार चार सय ३४ छ । झन्डै उही हाराहारीमा रहेका इलामे महिला र पुरुष काममा भने उत्तिकै मेहनती छन् । त्यही भएरै होला, इलामेहरू देशभरमै मेहनती र उद्यमशील भनेर चिनिन्छन् ।

इलामे महिला केही वर्षअघिसम्म पनि खेतीपातीको काममा मात्रै व्यस्त रहन्थे । तर, महिलाका लागि काम गर्ने सरकारी निकाय र गैरसरकारी संस्थाहरू भित्रिएपछि उनीहरूको चेतनास्तर बढ्दै गयो । केही गर्नुपर्छ भन्ने सोचाइ आउन थाल्यो । र, त्यसैको परिणाम हो, इलामे महिलाले देशभर बनाएको आफ्नो पहिचान । सबै महिला सहकारीमा आबद्ध भएका छैनन् । तर, उनीहरू बेकाम बसेका पनि छैनन् । सहकारीमा आबद्ध नभएका महिला बिहानैदेखि दिनभर खेतीपातीको काममा व्यस्त रहन्छन् । उनीहरूले कृषिमा पनि राम्रै दखल कायम गरेका छन् ।

इलामको सिरी थुम्काकी ४० वर्षीया सिरिमाया यक्तेन (सुब्बा) ले अदुवालगायत अन्य सागसब्जीको खेतीसमेत गरेकी छिन् । उनका श्रीमान्को एक वर्षअघि उच्च रक्तचापको कारण मृत्यु भएपछि दुई छोरा र दुई छोरीसहित घरपरिवार धान्ने जिम्मा उनकै काँधमा आइलागेको थियो । लोग्ने जीवितै हुँदा पनि उनी हरेक काममा लोग्नेलाई सघाउँथिन् । त्यही भएरै मेहनती र उद्यमशील स्वभावकी सिरिमायालाई लोग्नेको मृत्युपछि सबै कामको जिम्मेवारी सम्हाल्न गाह्रो भएन । श्रीमान्को मृत्युले उनलाई पीडा त पुग्यो तर पनि परिवार पाल्ने जिम्मेवारीबाट भने हिचकिचाउनु परेन । उनी भन्छिन्, 'गुजाराका लागि कसैसँग गुहार माग्नुपरेको छैन, यति भए पुगिहाल्यो नि ।' उनी आफ्नो श्रम र उद्यमशीलताले साहससाथ जीवन निर्वाह गरिरहेकी छिन् ।

इलामका महिलाको यो मेहनत र उद्यमशीलताको क्षमता सबै महिलाका लागि गतिलो पाठ बन्न सक्छ । यसलाई पछ्याउन सके फुर्सदमा समय बिताउने महिलाहरू इलामे महिलाजस्तै मेहनती र उद्यमशील बन्न कुनै बेर लाग्ने छैन ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# चुपचाप छन् प्रशासन र सरोकारवाला

***औषधि विज्ञानबारे बिलकुलै ज्ञान नभएका, राज्यबाट अनुमति नपाएका भारतीय औषधि व्यवसायीले बुटवलका सहरमा बिरामीको 'उपचार' गर्नेदेखि औषधि बेच्नेसम्मको काम गर्दै आएका छन् । जनस्वास्थ्य र बिरामीको ज्यानमाथि खुलेआम खेलवाड भइरहँदा पनि प्रशासन र अन्य सरोकारवाला निकाय चुपचाप छन् ।***

**✍ संगीता पाण्डेय**

बुटवल/ औषधि व्यवसाय सञ्चालन गर्न औषधि व्यवस्था विभागबाट ओरियन्टेसन तालिम लिएको हुनुपर्ने अनिवार्य व्यवस्था छ । आयु फार्म, बी फार्म गरेर विभागबाट प्रमाणपत्र पाएकाले पनि औषधि व्यवसाय गर्न सक्छन् । स्वास्थ्य सेवा विभाग स्वयम्ले यही जानकारीको प्रचारप्रसार गर्ने गर्दछ । तर, केही वर्षयता बुटवल नगरपालिकाभित्रका राजमार्ग चौराहा, मिलनचौक, पुष्पलालपार्क, बसपार्कलगायतका क्षेत्रमा 'बिरामी निको पार्ने' बहानामा बसेका भारतीय औ[illegible]

या देखाउनै चाहँदैनन् । यसले उपभोक्ता ठगिने मात्रै होइन, धेरैको स्वास्थ्य र ज्यानमाथि नै खुलेआम खेलवाड भइरहेको बुझ्न सकिन्छ ।

भारतीय औषधि व्यापारीहरूले औषधि बिक्री-वितरण गर्न कुनै तालिम पनि लिएका छैनन् । स्वास्थ्य जाँच गर्ने कुनै उपकरण पनि उनीहरूसँग छैन । सडक छेउमा पाल टाँगेर बनाइएको साँघुरो झुप्रो, त्यसभित्र केही जडीबुटी र रसायनका केही डिब्बाहरू छन् । तर पनि उनीहरू दिनहुँ दर्जनौं बिरामीको उपचार गरी हजारौं रुपैयाँको औषधि बिक्री गर्छन् । उनीहरूको बिरामी जाँच्ने र औषधि दिने तरिका पनि बेग्लै छ । नाडी छामेकै भरमा भयानक रोग लागेको मौखिक 'प्रेस्क्रिप्सन' बनाउँछन् । र, अनावश्यक औषधि भिडाएर हेर्दाहेर्दै ठग्छन् । सामान्य बिरामी आएपछि पनि एकजनाबाट रु. ५ सयदेखि पाँच हजारसम्म असुल्ने गरेको उनीहरू स्वयम् हाकाहाकी बताउँछन् ।

बिरामी जाँच्ने र औषधि बेच्ने उनीहरू सबै भारतीय नागरिक हुन् । उनीहरूको औषधि बनाउने र बेच्ने पुस्तौनी पेसा हो । रूपन्देहीको मिलनचोक, सुख्खानगर र देवीनगरमा पाल टाँगेर तीन वर्षअघिदेखि औषधि बिक्री गर्दै आएका भारत गोरखपुरका राजीव सिंह भन्छन्, 'पुर्खाहरूबाटै काम सिकेका हौं, त्यसैले अरू तालिम किन लिनुपर्‍यो ?'

यही पुर्खौली पेसाको आडमा उनीहरू नेपालीलाई अन्दाजमा औषधि बेचिरहेका छन् । बुटवलको व्यस्त सडक मिलनचोकमा पाल टाँगेर औषधि बेच्दै गरेका व्यापारी राकेश अग्रहरि त झन् बिरामी देखेकै भरमा रोग पत्ता लगाउने हावादारी कुरा गर्छन् । औषधि व्यवसाय सञ्चालन गर्नका लागि औषधि व्यवस्था विभागबाट कुनै तालिम नलिएका र कुनै प्रमाणपत्रसमेत नभएका उनीहरूले नेपालका दुर्लभ जनावरका शारीरिक अङ्गहरूसमेत खुलेयाम बेचिरहेका छन् । 'हामीहरूसँग कस्तुरी सतको गोली, घडियालको नाभी आदि नामका वस्तुहरू छन् । यी केही नेपालका सिकारीसँग र केही भारतबाट नै किनेर ल्याउँछौं,' राजीवले डिब्बा खोलेर देखाउँदै भने, 'यी नेपालमा नपाइने भएकाले भनेको मोलमा बिक्छन् ।'

उनीहरू पेट, दाँत दुखेदेखि क्यान्सर र एचआईभी/एड्ससम्मको उपचार गर्ने दाबी गर्छन् । बुटवल बसपार्क अगाडि पाल टाँगेर औषधि बेच्ने हरजित सिंह भन्छन्, 'नेपालका डाक्टरकहाँ उपचार गराई उनीहरूले दिएको औषधि खाँदाखाँदा वाक्क भएका र सन्चो नभएका धेरैजसो बिरामीलाई सन्चो पनि हुने गरेको छ ।' तर, विडम्बना, उनको कुरा सुनेर एक हप्तासम्म पसल वरपर निगरानी गर्दा त्यहाँ निको भएका बिरामीहरू एउटै पनि भेटिएनन् । बरु दोस्रोचोटि आउने सबै बिरामी निराश देखिए । पाठेघर खसेर उपचारका लागि दुई महिनादेखि यहीं आउँदै गरेकी बुटवल

*बिरामी जाँच्ने र औषधि बेच्ने उनीहरू सबै भारतीय नागरिक हुन् । उनीहरूको औषधि बनाउने र बेच्ने पुस्तौनी पेसा हो । रूपन्देहीको मिलनचोक, सुख्खानगर र देवीनगरमा पाल टाँगेर तीन वर्षअघिदेखि औषधि बिक्री गर्दै आएका भारत गोरखपुरका राजीव सिंह भन्छन्, 'पुर्खाहरूबाटै काम सिकेका हौं, त्यसैले अरू तालिम किन लिनुपर्‍यो ?'*

नगरपालिका- १३ देवीनगरकी सकुन्तला दर्जीले निराश हुँदै भनिन्, 'तीन हजारभन्दा बढीको औषधि खाइसकें । खै बीसको उन्नाइस भएन । पहिले त ठ्याक्कै निको हुन्छ भन्थे । अहिले अझै दुई हजारको औषधि खाए निको होला भन्छन् ।'

चिकित्सकहरूका अनुसार उनीहरूले जथाभावी औषधिको बिक्री-वितरण गर्दा जनस्वास्थ्यमा ठूलो असर परेको छ । यद्यपि नियन्त्रण गर्ने निकाय भने मौन छन् । नियन्त्रण गर्नुपर्ने सरोकारवाला निकायहरू आफ्नो काम होइन भन्दै पन्छिने र अरूमाथि नै जिम्मेवारी थोपर्ने गर्छन् । लुम्बिनी अञ्चल अस्पताल बुटवलका डा. प्रकाश बुढाथोकी भन्छन्, 'सरोकारवालाको यो चाला र दोषारोपणले सर्वसाधारणको स्वास्थ्यमा गम्भीर असर परिरहेको छ । बदलामा ठगी खाने भारतीय औषधि बिक्रेताहरू भने दिनानुदिन मालामाल बन्दैछन् ।'

जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार औषधि व्यवसाय सञ्चालन गर्नका लागि अनुमति नै नपाएका भारतीय औषधि बिक्रेताहरूले औषधि बेच्नु ठाडै नियम-कानुनविरोधी काम हो । तर, सडकपेटीमा बस्ने र नेपाली सर्वसाधारण बिरामीलाई ठग्ने भारतीय औषधि विक्रेताहरूलाई कारबाही गर्ने अधिकार जिल्ला जनस्वास्थ्य कार्यालयलाई छैन । जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख रामचन्द्र खनालले भने, 'यसबाट जनस्वास्थ्यमा सोझै असर परेकोले नियन्त्रण गर्न जरुरी छ । तर, त्यो प्रमुख जिल्ला अधिकारी र क्षेत्रीय स्वास्थ्य निर्देशकको मातहतको काम हो, उनीहरूले निर्देशन नदिई हामीले अनुगमनसमेत गर्न मिल्दैन ।' रूपन्देहीका प्रमुख जिल्ला अधिकारी ध्रुवराज वाग्ले सीमावर्ती क्षेत्र भएको र उनीहरूसमेत हप्तैपिच्छे ठाउँ साटीसाटी औषधि बेच्ने गरेकाले अनुगमन र कारबाही गर्न गाह्रो भएको तर्क दिन्छन् । उनी भन्छन्, 'तैपनि नजिकको

इलाका प्रहरी कार्यालय र इलाका प्रशासनलाई उनीहरूलाई धपाउन आदेश दिएका छौं, के-कस्तो भयो बुझ्न बाँकी छ ।'

नेपाल औषधि व्यवसायी सङ्घका अनुसार बेनियममा भारतीय नागरिकहरूले औषधि बेच्ने र बिरामी जाँच्ने गर्दा औषधि व्यवसायमा आश्रितहरूलाई समेत असर परेको छ । औषधि व्यवसायीहरू गैरकानुनी काम गरिरहेका भारतीय औषधि व्यापारीमाथि कारबाही हुनुपर्ने माग गर्छन् । लुम्बिनी आयुर्वेदिक औषधालयका प्रमुख डा. नगेन्द्रप्रसाद मिश्र जथाभावी औषधि बेच्नेहरूको नियन्त्रणको जिम्मा लिने र हेर्ने काम औषधि व्यवस्था विभागको भएको बताउँछन् । सङ्घले धेरैपटक विभागलाई जथाभावी औषधि बेच्ने भारतीय नागरिकमाथि अनुगमन गरी कारबाहीका लागि सिफारिस गर्न आग्रह गरे पनि विभागले यतापट्टि चासो नै नदेखाएको उनको आरोप छ । 'हामीले मेडिकल काउन्सिललाई पनि भन्यौं, प्रशासनलाई पनि आग्रह गर्‍यौं, कहींबाट केही भएन,' डा. मिश्र भन्छन्, 'त्यसैले पनि यो समस्या घट्नुभन्दा बढ्दै गएको हो ।'

यसरी औषधि बेच्ने व्यवसायीसँग लाइसेन्स भए-नभएको, औषधि भन्सार तिरेर ल्याएको हो-होइन, फर्म विभागमा दर्ता भए-नभएकोसमेत प्रशासनले हेर्नुपर्ने हुन्छ । डा. मिश्र भन्छन्, 'त्यसैले जनस्वास्थ्यमा प्रत्यक्ष हानि पुऱ्याउने औषधि बिक्री भएको छ-छैन भन्नेबारेमा पनि प्रशासनले नै अनुगमन गर्नुपर्दछ ।'

प्रमुख जिल्ला अधिकारीले आदेश दिएको र औषधि व्यवसायी सङ्घले अनुगमन गर्न भनिएको बताए

*यसरी औषधि बेच्ने व्यवसायीसँग लाइसेन्स भए-नभएको, औषधि भन्सार तिरेर ल्याएको हो-होइन, फर्म विभागमा दर्ता भए-नभएकोसमेत प्रशासनले हेर्नुपर्ने हुन्छ । डा. मिश्र भन्छन्, 'त्यसैले जनस्वास्थ्यमा प्रत्यक्ष हानि पुऱ्याउने औषधि बिक्री भएको छ-छैन भन्नेबारेमा पनि प्रशासनले नै अनुगमन गर्नुपर्दछ ।'*

पनि इलाका प्रशासन कार्यालयले यसबारे अनभिज्ञता जनाउनुले यहाँ एकले अर्कोलाई जिम्मेवारी थोपर्ने र आफू उम्कने प्रयत्न मात्र गर्ने गरेको यथार्थ खुल्छ । इलाका प्रशासन कार्यालय बुटवलका प्रमुख कृष्ण नेपाल भन्छन्, 'यो बुटवल, रूपन्देही या कुनै जिल्लाको मात्रै समस्या होइन, देशव्यापी समस्या हो । त्यसलाई हटाउन हामी मात्र लागेर हुँदैन । त्यसैले जथाभावी औषधि बेचिरहेको टुलुटुलु हेरेर बस्नुभन्दा अरू उपाय छैन ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@yahoo.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह